# ICSE 2023 EXAMINATION

# SPECIMEN QUESTION PAPER

## NEPALI

## (SECOND LANGUAGE)

***Maximum Marks : 80***

***Time allowed : Three hours***

*Answers to this Paper must be written on the paper provided separately.*

*You will not be allowed to write during the first 15 minutes.*

*This time is to be spent in reading the question paper.*

*The time given at the head of this Paper is the time allowed for writing the answers.*

***Section A** is compulsory – **All** questions in **Section A** must be answered.*

*Attempt **any four** questions from **Sections B,** answering at least **one** question each from the **two** books you have studied and **any two** other questions from the same books.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

### SECTION A (40 Marks)

*(Attempt **all** questions from this **Section**.)*

**Question 1**

Write a short composition in **Nepali** of approximately **250** words on any **one** of the following topics: **[15]**

निम्नलिखित विषयहरूमा कुनै एक विषय छानेर **250** शब्दहरूको लम्बाईमा एउटा रचना लेख।

(i) अहिलेको महँगाई अनि एक मध्यमवर्गीय परिवार।

(ii) विद्यार्थी जीवनमा पुस्तकालयको महत्व।

(iii) विद्यार्थी जीवन।

(iv) 'उसले यति चाँड़ो घरजम गर्नु हुँदैन थियो।' यो लहरबाट शुरू गरेर चाँड़ो घरजम गर्दा भोग्नु परेका समस्याहरू देखाएर एउटा छोटो कथा लेख।

**This Paper consists of 11 printed pages and 1 blank page.**



*© Copyright reserved.*

(v) तलका चित्र हेरेर तिम्रो मनमा के कस्ता भावहरू उत्पन्न हुन्छ लेख।



**Question 2**

Write a letter in **Nepali** in approximately **120** words on **any one** of the topics given below: **[7]**

निम्नलिखित कुनै एक विषय छानेर लगभग **120** शब्दहरूको लम्बाईमा एक पत्र लेख।

(i) तिमीले गरेको एक यात्राको वर्णन गर्दै साथीलाई चिठी लेख।

(ii) तिमीलाई चाहिएको केही पुस्तकहरू मगाएर पुस्तक विक्रेतालाई पत्र लेख।

**Question 3**

Read the passage given below and answer in **Nepali** the questions that follow, using your own words as far as possible:

निम्नलिखित अवतरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर लेख।

एक दिन बाघ र त्यसका बच्चाहरू कुनै नदीको किनारमा खेल्दै थिए। यसरी खेल्दै गर्दा उनीहरू आफ्नो शिकार पाउनलाई नदी पार गरेर जानुपर्ने भयो। ती बाघ र बच्चाहरू फुत्रुक

फुत्रुक उफ्रँदै नदी भित्र पस्न पुग्यो। त्यो बच्चा नदीमा बग्दै गएर निकै टाढ़ा पुगेपछि नदीदेखि बाहिर निस्कन सफल भयो। त्यो बच्चा बाघले आफ्नो आमालाई धेरै खोजी गऱ्यो। तर पाएन। छेवैमा भेँड़ाका बथानहरू चर्दै थिए। भेड़ा पनि त्यस्तै बच्चाहरूसितै मैदानमा खेलिरहेका थिए। त्यत्तिकैमा त्यो छुटेको बाघको बच्चा त्यही भेड़ाका बच्चाहरूसितै बथानमा मिल्न पुग्यो। बिस्तारै त्यो बाघले भेड़ाँहरूकै चालचलन सिक्न थाल्यो। भेड़ाँकै दूध खाएर हुर्किँदै गयो। त्यो बाघको बच्चाले ती भेड़ाँहरू झैं भ्या..... भ्या..... गर्दै आवाज निकाल्न थाल्यो। यसरी नै त्यो बाघको बच्चा चर्दै गर्दा धेरै टाढ़ा पुगेको थियो। यत्तिकैमा त्यहाँ कुनै एउटा बाघ उसको सामुन्ने आइपुग्दा त्यो भ्या...... भ्या......गर्दै भाग्न थाल्यो। यसरी भागेको देखी त्यो बाघ आश्चर्यमा परयो। किन यो बाघ यसरी भाग्दैछ उसले जान्न चाहयो। उसले तिमी त बाघ हौ किन यसरी भ्या...... भ्या....... गर्दै भाग्दैछौ ? भनी सोध्यो। उत्तरमा त्यो बाघले म त भेड़ाँ नै हूँ भन्ने रट लगायो। बाघ मान्न तयार थिएन। किन बाघले भेड़ाँको आवाज निकाल्दै भागेको कुरोलाई ऊ बाघ नै हो भनी प्रमाणित गर्न त्यही परतिरको सफा कुवानेर त्यो भ्या......भ्या......गर्ने बाघको बच्चालाई पानीमा अनुहार देखाईदियो। तब उसलाई तसल्ली भयो कि आफू बाघ नै हूँ भन्ने।

(i) बाघ र त्यसका बच्चाहरू कहाँ खेल्दै थिए ? **[2]**

(ii) नदीले कसको बच्चालाई बगायो ? **[2]**

(iii) बाघको बच्चा कसको बथानसँग मिल्न पुग्यो ? **[2]**

(iv) बाघको बच्चाले कसरी आवाज निकाल्यो ? **[2]**

(v) त्यो बाघको बच्चालाई कसले केमा अनुहार देखाई दियो ? **[2]**

**Question 4**

Answer the following according to the instructions given: **[8]**

तल दिइएका निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख –

सठीक उत्तरमा (√) को चिन्ह लगाऊ –

(i) जसले राती आँखा देख्दैन

(a) उज्यालो

(b) दैनिक

(c) रतन्धो

(d) अन्धो

(ii) जसलाई देख्न सकिन्दैन

(a) अदृश्य

(b) ओझल

(c) अबेर

(d) अनौठो

(iii) उखानलाई पुरा गर –

1. बाँदरको हातमा ..................

(a) बिस्कुट

(b) सुपारी

(c) नरियल

(d) साग

2. आफू नमरी .....................

(a) केही हुँदैन

(b) सबै देख्छ

(c) स्वर्ग देखिन्न

(d) सागर देख्छ

(iv) विपरीत शब्द लेख –

दिन ................ ।

(a) दिवस

(b) दिवा

(c) रात

(d) साँझ

(v) पर्यायवाची लेख

1. सागर ....................

(a) समुद्र

(b) नदी

(c) खोला

(d) नाली

2. बादल ................... ।

(a) बाँदर

(b) मेघ

(c) हिउँ

(d) फूल

(vi) शुद्ध, हिज्जे भएको शब्द छानेर लेख –

सठीक उत्तर छानेर लेख –

(a) राम्रो

(b) राम्ररो

(c) रामारो

(d) रामारा

**SECTION B (40 Marks)**

*(Attempt **four** questions from this **Section**.)*

*(You must answer at least **one** question from each of the **two** books you have studied and **any two** other questions.)*

## साहित्य कुंज : गद्य खण्ड

**SAHITYA KUNJ : GADYA KHAND**

**Question 5**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मैले त्यस केटोको अनुहारसँग यस ठिटीको अनुहार दँजाउन थालैँ र मनमनै यी दिदैको छोरा निश्चय पनि त्यही केटो हुनुपर्छ भनी लख काटैँ। त्यस केटोले स्टुडियोमा सारंगी बजाएर गीत गाउँदै गरेको फोटो खिँचिएको थियो अनि त्यो फोटो धेरै दिनसम्म आकाशवाणीको स्वागत कक्षामा विशेष आकर्षण सरह प्रदर्शित गरिएको थियो।

*तार चुँड़िएको सारंगी : जस योन्जन 'प्यासी'*

*Taar Chudieko Saarangi : Jas Yonjan 'Pyasi'*

(i) यहाँ कसले कसलाई "दिदै" भनेका हुन् ? दिदैको अर्थ लेख। **[2]**

(ii) कसको फोटो कहाँ प्रदर्शित गरिएको थियो ? **[2]**

(iii) कसले कसको अनुहारसित कुन अनुहार दँजाएपछि के अनुमान गरे ? **[3]**

(iv) प्रस्तुत कथाका लेखकले लेखेका कुनै तीनवटा पुस्तकको नाम लेख। **[3]**

**Question 6**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"हामी ता के गर्नु यस्तै भयौं, जन्मजात डोके।" "तरै पनि तिमी र म एउटै होइनौ र ?" मैले सोधेँ। "त्यसो त हो नाइँ। तर विद्या, बुद्धि भन्ने ठूलो हुँदारहेछन्। फेरि उहिले जस्तो अहिले छैन। अहिले त ज्ञान नबढ़ाई नहुने रहेछ।" यति भनेर बूढ़ा एकछिन मौन भइबस्यो अनि खोलाको साँघुतिर देखाउँदै उसले भन्यो "लौ हिँड्नुहोस् कान्छा बाबू ! उ हेर्नुहोस् मान्छेका हूल। यतैतिर आइरहेछन्।"

*जीवन यात्रामा : एम.एम.गुरुङ्ग*

*Jiwan Yatra : M.M. Gurung*

(i) "मैले सोधेँ" भन्ने को हुन् ? उनले कसलाई के भनेर सोधे ? **[2]**

(ii) सुखसित जिउनुको निम्ति उहिलेको तुलनामा अहिले के गर्नु पर्दोरहेछ ? **[2]**

(iii) "त्यसो त हो नाइँ।" भनेर कसले कसको कुन कुरोलाई समर्थन गरेको हो ? **[3]**

(iv) "हामी ता के गर्नु यस्तै भयौं।" भनेर कसले कुन कुरो व्यक्त गरेको हो ? मानिस एउटै भए पनि कुन कुरोले अलग गराउँदोरहेछ ? **[3]**

**Question 7**

Read the extract given below and answer in **Nepali** the questions that follow:

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"ए माछावाला दाज्यू, हाम्रो दोकानमा पनि कहिलेकाहीं चिया खाएर जानुहवस् न।" जवान रनेले त्यो स्वास्नीमानिससित दुइ–चार कुरा कोट्याउने लोभले पनि त्यो खातिर उम्काउन खोज्नु ठीक मानेन। त्यसले भन्यो "किन नखानु र बाबै नि, खोइ लेऊन के के छ ?" त्यस स्वास्नीमानिसले सेल, आलुको तरकारी र चिया रनेको अघिल्तिर राखिदिई र भनी, "माछा पनि दिऊँ कि ?"

*माछाको मोल : शिवकुमार राई*

*Maachako Mol : Sivkumar Rai*

(i) "ए माछावाला दाज्यू" भन्दै कसले कसलाई के भनी ? **[2]**

(ii) कस्तो लोभले कसलाई कसको खातिर उम्काउन ठीक लागेन ? **[2]**

(iii) "खोइ लेऊन के के छ।" भनेको सुनेर कसले के गरी ? **[3]**

(iv) कसको कस्तो कुरा सुनेर कस्तो लोभले रने कहाँ गयो ? **[3]**

## साहित्य कुंज : पद्य खण्ड

## SAHITYA KUNJ : PADYA KHAND

**Question 8**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

यो बोलीबाट नै
मान्छेको ह्रदय बुझ्न सकिन्छ
मान्छेको अनुहार चिन्न पाइन्छ
यसैले
यो बोली सधैँ
बैराले पनि सुन्न सकोस्
मूर्खले पनि बुझ्न पाओस्

*बोली : टेकध्वज जिम्बा*

*Bolee : Tekdhoj Jimba*

(i) मान्छेको बोलीबाट के बुझ्न र चिन्न पाइन्छ ? **[2]**

(ii) हाम्रो बोली कस्तो हुनुपर्छ ? **[2]**

(iii) मान्छेको अनुहार चिन्नु भन्नाले के बुझिन्छ ? **[3]**

(iv) कवि टेकध्वज जिम्बाका तीनवटा कृतिहरूका नाम लेख। **[3]**

**Question 9**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

विद्यैलाई नपाई मन मलिन भई दु:ख भो हामीलाई।
भाइ हो, छट्पटाई अब विरह लिई चित्तलाई दुखाई।।
थालौँलौ देशमाहाँ अब जसरि पनि पाठशाला खुलाई।
दौड़ादौड़ी गरौँलौ रति ढ़िला नगरौँ भारती भज्नलाई।।

*नत्र बर्बाद भयो : धरणीधर कोइराला*

*Natra Barbad Bhayo : Dharnidhar Koirala*

(i) कविको विचार अनुसार के कारण हामीलाई दु:ख भएको रहेछ ? **[2]**

(ii) कविले हामीलाई केको निम्ति छट्पटिनु पर्छ भनेका छन् ? **[2]**

(iii) कविले पाठशाला खोलेर के गर्न थालौँ भनेका छन् ? **[3]**

(iv) प्रस्तुत कविताबाट कविले के सन्देश दिएका छन् ? **[3]**

**Question 10**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

यस्तो छोटो अवधिमा पनि
के हुन सक्छ र के गर्ने
भन्ने पनि सुख–दु:ख भोग्दै
निभ्दै निभ्दै जाँदैछन्
अवधि साह्रै छोटो हुनाले
मरीमेटी केही गरौँ
भन्ने पनि दु:ख सुख भोग्दै
उस्तै गतिले मर्दैछन्।

*कर्म : बालकृष्ण सम*

*Karma : Balkrishna Sam*

(i) अल्छे व्यक्तिहरूले कस्तो बहाना बनाउँदो रहेछन् ? **[2]**

(ii) केही गरेर मर्न चाहने व्यक्तिहरूले कस्तो कुरा सोँच्दोरहेछन् ? **[2]**

(iii) कस्ता व्यक्ति के कारण मरेर पनि सदा अमर बन्दोरहेछन् ? **[3]**

(iv) जीवनमा केही गर्न चाहने अनि केही गर्न नचाहने दुवै थरिका मानिसहरूको मृत्यु चाहिँ कसरी हुँदोरहेछ ? **[3]**

## भ्रमर : रूपनारायण सिन्हा

## BHRAMMER : RUPNARAYAN SINHA

**Question 11**

Read the extract given below and answer in **Nepali** the questions that follow :—
निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"माया, यो तिमीले के गरेकी ? बिहा ? बौलाही भयौ ? बिहे पनि कोही अभागीले गर्छ ? लौ भो बिग्रेको ता केही छैन। हामी जस्ता छौँ, उस्तै रहौं। दुवै एकै सङ्ग बसौं।"

मायाले रूँदै रूँदै भनी, "तर समाजले हामीलाई के भन्ला ? आमा बाबुले यस्ता मनपरीका कुरामा कैले सम्मति देलान्। संसारका हामी हाँसो हुन्छौं।"

*मायाको मोहभंग*

*Mayako Moh Bhang*

(i) प्रस्तुत वार्तालाप कस–कसको माझमा भएको हो ? **[2]**

(ii) यस घटनापछि तिनीहरूको सम्बन्धमा कस्तो परिवर्तन भयो ? **[2]**

(iii) प्रस्तुत अवतरणमा चर्चित माया को हुन् ? उनी किन रोएकी हुन् ? **[3]**

(iv) मायाको विचारमा कस्ता कुरालाई माता पिताले सम्मति दिने छैनन् ? सम्मति दिनु भनेको के हो ? **[3]**

**Question 12**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

छुल्छुले गौरी कुल्लीलाई शेखरका भारी बोकाएर आफ्नो डब्बातिर दगुरी। शेखर मोटा राईका साथ लाग्यो। गौरीका तीखा कुराहरूको उत्तर दिनु औ रघुवीर राईको आग्रह टार्नु यी दुइ कुरामा शेखरले आफ्नो पराजय स्वीकार गऱ्यो।

राई मुखेनीले मुसुक्क हाँसेर शेखरलाई भनिन् "महाशयजी, साथै प्रोम जाने मौका मिल्यो। तपाईँ प्रोममा दुइ दिन हाम्रा घरमा पाहुना हुनुभए खूबै सुखी हुने थियौँ।"

*प्रोम यात्रा*

*Prom Yaatra*

(i) प्रस्तुत अवतरणमा चर्चित शेखर र गौरी को–को हुन् ? **[2]**

(ii) प्रस्तुत अवतरणबाट को–को कहाँ जान लागेको कुरा बोध हुन्छ ? **[2]**

(iii) यहाँ "डब्बा" भन्नाले के बुझिन्छ ? किन गौरीले कुल्लीलाई शेखरका भारी बोकाएर आफ्नो डब्बातिर दगुरेकी हो ? **[3]**

(iv) राई मुखेनीको नाम के हो ? उनले शेखरलाई के भनिन् ? **[3]**

**Question 13**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

आखिरमा सुदीर्घ निःश्वास तानेर तिनले हातका फूल देवीका चरणमा समर्पण गरिन् औ आँखाका आँसु पुछ्दै वीणाको हात समातेर बाहिर निस्किन्। मोहन तिनका पछि निस्कियो।

मैना देवी र वीणालाई मोटरमा बसाएर मोहन ड्राइभरसित अघिल्तिर बस्न लागिरहेथ्यो, हठात् "मोहन बाबू !" को ध्वनि त्यसका कानमा पर्न गयो।

परशुराम बस्नेत र माया अर्को मोटरबाट ओर्लन लागेका थिए। मोहनले तिनीहरूलाई देख्नेबित्तिकै विरक्त भावले मुण्टो फर्कायो। तर परशुराम बस्नेतले द्रुतपदले आएर मोहनका बाहुद्वय समातेर भने, "मोहन बाबू, बूढ़ा मानिससित अभिमान गर्नु तिमी जस्ता शिक्षित युवकलाई सुहाउँदैन।"

*कालिघाटको मन्दिरमा*

*Kalighatko Mandirma*

(i) सुदीर्घ निःश्वास तानेर को के गरेपछि कहाँबाट बाहिर निस्किन् ? **[2]**

(ii) परशुराम बस्नेतले कसलाई के गर्न "तिमी जस्ता शिक्षित युवकलाई सुहाउँदैन" भनेका हुन् ? **[2]**

(iii) परशुराम बस्नेतलाई देख्ने बित्तिकै मोहनले किन मुण्टो फर्काएको हो ? **[3]**

(iv) मैना देवी किन कस–कसलाई लिएर कालिघाटको मन्दिरमा आएकी हो ? **[3]**

## एकाङ्की कुंज

## EKANKI KUNJ

**Question 14**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

श्यामकी आमा : हन, खोइ त हो, भात तिहुन सब सेलाइसक्यो, कति बेला आउने हो........

जेठा बड़ाई : त्यै त। अब आइपुग्नुपर्ने। साँड़े दुइ भयो (एकछिन सोचेर) आउँदै होला हौ। जाऊ त तिमी चैं पहिला अर्को साड़ी फेरिहाल। ऐले तिनीहरू आएपछि त हतार हुन्छ।

*टीका : मोहन पुकार*

*Tika : Mohan Pukar*

(i) नाटककार मोहन पुकारका कुनै दुईवटा नाटकका नाम लेख। **[2]**

(ii) जेठा बड़ाईको परिवारमा को को छन् ? आज उनीहरू को आउने प्रतिक्षामा छन् ? **[2]**

(iii) प्रस्तुत वार्तालाप कस कसको माझमा औ कहाँ भएको हो ? दशैंको समय कस्तो रमझम हुन्छ? **[3]**

(iv) "तिनीहरू" को हुन् ? तिनीहरू यहाँ केको निम्ति आउने भएका छन् ? **[3]**

## Question 15

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

गमसे : आ......... बिच्चाको रेला नगरन पापा ! आज खर्च पनि पाको। फेरि दशैंको पेश्गी पनि, बनस पनि ता पायौ होला, अन्त कसरी पैसा पुगेन ?

आले : अरे छोरी, यो साल बनस पाएन ! अहँ......... मालिकलाई यो साल नाफा भएन अरे कि अन्तखेरि हामी कुल्लीलाई बनस पनि दिएन। दशैंको पेश्गी पनि पोहोर साल त जीउको दश रुपियाँ गरेर दिएको थियो नि होकि तँलाई पनि थाहै छ त होइन ? यो पाली चैं त्यै पनि दिएन।

*म भात खान्नँ : रामलाल अधिकारी*

*Ma Bhat Khanna : Ramlal Adhikari*

(i) गमसेको बाबु कहाँ काम गर्छ ? **[2]**

(ii) कसले केको खर्च पाएको रहेछ ? यहाँ खर्च भन्नाले के बुझिन्छ ? **[2]**

(iii) आलेले कसलाई किन बनस पाएन भनेको हो ? उसले के भन्दै कुरालाई टाल्ने कोशिश गऱ्यो ? **[3]**

(iv) गमसेले किन कसलाई केको निम्ति "कसरी पैसा पुगेन ?" भनेर सोधेकी हो ? **[3]**

## Question 16

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

विकास : (क्रोधित स्वरमा) जम्मै तपाईंहरू बाँटेर राख्नुहोस्। हामीलाई केही पनि चाहिंदैन। आखिर हामी को हौं र ?

गुरुङ्नी बोज्यू : (मायालु भावमा सम्झाउँदै) तिमीहरू कोही टाढ़ाका होइनौ। सबै आफ्नै छोरा–छोरी हौ। हामीले सबैलाई बराबर आँखाले हेर्नुपर्छ।

*साहिनु : सानुभाइ शर्मा*

*Saahinu : Sanubhai Sharma*

(i) विकास को हो ? उ किन त्यसरी क्रोधित भएको हो ? **[2]**

(ii) 'बराबर आँखाले हेर्नु' – बाट के बुझिन्छ ? **[2]**

(iii) गुरुङ्नी बोजूले कसलाई के भनेर सम्झाइन् ? **[3]**

(iv) विकासले कसलाई किन जम्मै तपाईंहरू बाँटेर राख्नुहोस् भनेको हो ? **[3]**